JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत १६ गते सोमबार ❑ 29 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रधानमन्त्री र सभामुखबीच छलफल

**रासस**
**काठमाडौं, १५ चैत**

प्रतिनिधिसभालाई प्रभावकारी र जीवन्त बनाउने विषयमा प्रधानमन्त्री केपी शर्मा ओली र सभामुख अग्निप्रसाद सापकोटाबीच छलफल भएको छ।

प्रधानमन्त्री निवास बाालुवाटारमा आइतबार भएको छलफलमा उनीहरूबीच संघीय संसद्मा विचाराधिन रहेका महत्वपूर्ण विधेयकलाई अगाडि बढाउने विषयमा कुराकानी भएको हो । प्रतिनिधिसभालाई कसरी जीवन्त र जनमुखी बनाउन सकिन्छ भन्ने बारेमा उनीहरूबीच छलफल भएको सभामुख सापकोटाका प्रेस संयोजक श्रीधर न्यौपानेलेजानकारीदिए।प्रधानमन्त्री ओली र सभामुख सापकोटाबीच प्रतिनिधिसभाको बैठक सञ्चालनको समग्र प्रक्रियाबारे कुराकानी न्यौपानेले उल्लेख गरे। गत फागुन ११ गते प्रतिनिसभाको पुनःस्थापना भए पनि हालसम्म बैठक महत्वपूर्ण कार्यसूचीमा प्रवेश गरेको छैन।

हिउँदे अधिवेशनलाई विशेष गरी विधेयक अधिवेशनका रुपमा लिइन्छ। प्रतिनिधिसभाको अर्को बैठक यही चैत १८ गतेका लागि बोलाइएको छ।

## पोखराको फेवातालमा डुंगा सयर गर्नेहरुको भिड

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ चैत**

पोखराको मुख्य पर्यटनको आकषर्ण रुपमा रहेको फेवातालमा डुंगा सयर गर्नेहरुको भिड लागेको छ । कोरोना पछि सम्भवत सवै भन्दा बढी भिडभाड शनिबार र आइतबार भएको डुंगा व्यवसायीहरु बताउछन् ।

शनिबार र आइतबार होली पर्वको अवसरमा फेवातालमा डुंगा सयर गराउन आफुहरुलाई भ्याई नभ्याई भएको फेवा डुंगा व्यवसायी संगठनका अध्यक्ष बुद्धि बहादुर नेपालीले बताए । बर्षकै सवै भन्दा धेरै शनिबार र आइतबार पोखरामा डुंगा सयर गर्न आएको उनले दाबी गरे। फेवातालमा डुंगा सयर गर्ने आन्तरिक पर्यटक एवं तालवराही मन्दिरमा दर्शक गर्न जानेहरु दर्शनार्थीहरुको शनिबार र आइतार निकै चाप भएको नेपालीले जनाए। पोखरामा करिब ३ सय जना डुंगा व्यवसायीहरु रहेकाछन् भने एक सय ५० जना जसो अर्कोको मजदुरी गर्ने डुंगा चालक रहेकाछन्। अधिकाशं डुंगा स्वरोजगार चालक छन्। फेवातालमा करिब ८ सय वटा डुंगा रहेको संगठनले जनाएको छ।



यसैबिच, शुक्रबार देखि शनिबार र आइतबार होली पर्व भएकोले बिदाको समयमा नेपालका विभिन्न ठाँउबाट पोखरा क्षेत्रमा करिब एक बर्षकै सवै भन्दा धेरै पर्यटक यस अवसरमा भित्रिएको पोखरा पर्यटन परिषदका अध्यक्ष गोपी बहादुर भट्टराईले बताए । काठमाडौं, पूर्व र पश्चिम तथा चितवन लगायतका ठाँउबाट स्कुल कलेज, सहकारी तथा विभिन्न संघ संस्थाको अध्ययन भ्रमण समेत यसै समयमा भएकोले गर्दा पनि पोखरामा आन्तरिक पर्यटक छोटो समयको लागि ह्वात्तै बृद्धि भएको अध्यक्ष भट्टराईले दाबी गरे । उनले भने "कोरोना पछि दशैं तिहारको अवसरमा करिब २०/२५ प्रतिशत जसो आन्तरिक पर्यटक बृद्धि भएकोमा हाल होली पर्वको अवसराम करिब साँढे दुई दिनको बिदा परेकोले गर्दा पनि यस पाली करिब २५–३० प्रतिशत जसो आन्तरिक पर्यटक पोखरामा घुमघाममा आएका छन् ।"

कोरोनाले गर्दा हाल पर्यटन क्षेत्र निकै प्रभावित भएको गुनासो गरेका भट्टराईले अब नेपालको पर्यटन क्षेत्रलाई दिगो रुपमा माथि उठाउन हप्ताको दुई दिन शनिबार सहित आइतबार समेत बिदा दिनुपर्ने माग गरेका छन्। सरकारी कर्मचारीलाई पे होलिडेको कार्यक्रम ल्याउने, आन्तरिक पर्यटकले पनि कम्तिमा १० गन्तव्य घुम्दा केही सहुलियत तथा छुटको प्याकेज दिदा त्यसले आन्तरिक पर्यटन प्रबर्द्धन हुने अध्यक्ष भट्टराईको भनाई रहेको छ। रंगहरुको पर्व होलीको अवसरमा यस अघि पोखरामा घुमघामका साथ विदेशी पाहुनाहरुसंग रंगिदा होली मनाएका पोखरेलीहरुले यसपाली प्रायः निकै कम सङ्ख्यामा होली पर्व मनाएका छन् । कोरोनाको शंक्रमण पुनः छिमेकी मुलुक भारतमा बढेसंगै नेपाल सरकारले कोरोना संक्रमणबाट बच्न र बचाउन सामुहिक रुपमा होली पर्व नमनाउन चेतावनी नै दिएको थियो । यसपाली अन्य बर्षको होली जस्तो तामजाम निकै कम भएकोले गर्दा पोखरा सहित कास्कीको होली पर्व शान्ति पूर्ण रुपमा मनाइएको कास्कीका प्रहरी प्रवक्ता डि.एस.पी.सुवास हमालले बताए । उनका अनुसार एउटा मोटरसाइकलमा ३ जना सवार हुने, उस्श्रृखल गतिविधि गर्ने अनावश्यक हो हल्ला गर्ने करिब २५ वटा मोटरसाइकल एवं स्कुटर सहित चालकहरुलाई नियन्त्रणमा लिइएको छ।

लेकसाइडका केही होटल तथा रेष्टुरेण्टहरुमा बाहिरै आजाव आउने गरी गित बजायर नाचगाँन गरेको हुँदा उनीहरु समेत बढी हो हल्ला नगर्न निर्देशन दिइएको उनले जनाए । यसैबिच पोखरा रंगशालामा खेलकुदकर्मीलाई सामुहिक रुपमा भेला गराई विभिन्न खेलकुद कार्यक्रम सहित होली पर्व मनाईएको राखेपका सदस्य राजेश कुमार गुरुङले बताए।

## काठमाडौँको तुवाँलो अझै केही दिन स्थिर रहने

**रासस**
**काठमाडौं, १५ चैत**

शुक्रबारदेखि काठमाडौँ उपत्यकाको आकाशमा एक्कासी बाक्लो तुवाँलाले ढाकेको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार नेपालका अधिकांश जिल्लामा डढेलो लागिरहेको र लामो समय खडेरी पर्नुका साथै हावा नचेलेका कारणले सोबाट सिर्जित प्रदूषणका कण वायुमण्डलमा नै जम्मा भएकाले धेरैजसो स्थानमा प्रदूषण बढ्न गई पारदर्शिता घटेको छ।

स्थिर रहेको वायुमण्डल आगामी दुई-तीन दिनसम्म सुधार हुने सम्भावना कम रहेको मौसमविद् विभूति पोखरेलले बताउनुभयो । उहाँका अनुसार पछिल्लो समय अधिकांश जिल्लामा डढेलो लागिरहेको, लामो समय पानी नपरेको र हावा नचेलेका कारण वायुप्रदूषण बढेको हो । प्रदूषित वायुमण्डल सफा हुनका लागि कित वर्षा हुनुपर्छ वा हावा चल्नुपर्छ अहिले त्यो भएको छैन। धेरै किसिमको प्रदूषण मिसिएका कारणले सर्वसाधारणले आँखा पोलेको महसुस गरेका छन्।

यसबाट हुने प्रदूषणका कारण स्वास्थ्यमा पर्ने नकारात्मक असर आँखा पोल्ने र श्वासप्रश्वासमा समेत समस्या आदिबाट बच्न आवश्यक कार्यबाहेक घर बाहिर ननिस्किन र निस्किनु परेमा मास्क लगाउन हुन तथा आवश्यक सतर्कता अपनाउन विभागले आग्रह गरेको छ।

हाल देशमा स्थानीय वायुसँगै पश्चिमी वायुको समेत आंशिक प्रभाव रहेको छ। दिउँसो देशको पहाडी भू-भागमा आंशिक बदली रही अपराह्नपश्चात् देशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघगर्जन, चट्याङसहित फाट्टफुट्ट वा हल्का वर्षाको सम्भावना रहेको छ । मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम १० दशमलव छ डिग्री र अधिकतम तापक्रम २६ दशमलव चार डिग्री सेल्सियस रहेको छ।

त्यस्तै आइतबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम एक दशमलव नौ डिग्री र सबैभन्दा धेरै नेपालगञ्जको अधिकतम तापक्रम ३४ दशमलव पाँच डिग्री सेल्सियस रहेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पनि मौसममा आएको परिवर्तनसँग काठमाडौँ उपत्यकाभित्रको वायु प्रदूषण बढेकाले अत्यावश्यक काम वाहेक घर बाहिर ननिस्कन सबैलाई अपिल गरेको छ। वायु प्रदूषणले स्वास्थ्यमा विविध स्वास्थ्य समस्या देखा पर्न सक्ने भएकोले अत्यावश्यक कामवाहेक घर बाहिर ननिस्कन र निस्कनै पर्ने अवस्था भए मास्कको प्रयोग गर्न गर्न र शरीर पूरै ढाकिने गरी लुगा लगाएर मात्र निस्कन मन्त्रालयले आह्वान गरेको छ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले वायु प्रदूषणले मानव स्वास्थ्यमा तत्कालीन र दीर्घकालीन गम्भीर असर पर्न सक्ने सम्भावना रहेको जानकारी दिए। प्रदूषणले आँखा चिलाउने र पोल्ने, छाला चिलाउने, श्वासप्रश्वासमा गाह्रो हुने समस्या बृद्धि भएको छ। साथै दीर्घकालीनरुपमा मुटु र फोक्सोको समस्या बढ्ने, स्नायु प्रणालीमा असर पर्ने बालबालिकाको वृद्धिविकासमा असर गर्ने र क्यान्सरको समस्या हुने उनले बताए।

प्रदूषणबाट बच्नका लागि सावधानी अपनाउन आग्रह गर्दै उनले भने, "प्रदूषित वातारण थप बढ्न नदिन जिम्मेवार निकाय र व्यक्तिले गर्नुपर्ने भुमिका महत्वपूर्ण छ। यस्तो बेला अनावश्यक गाडी प्रयोग नगर्ने, बैकल्पिक ऊर्जाको प्रयोग बढाउने, प्रदूषण कम हुने अन्य बैकल्पिक उपाय अपनाउने, विकास निर्माणका काममा धुलो कम हुने उपाय अवम्बन गर्ने । त्यसो गर्ने सके बस्न योग्य वातावरण हुनेछ।"

## धारामा आइपुग्यो मेलम्चीको पानी

**रासस**
**काठमाडौं, १५ चैत**

लामो प्रतिक्षापछि आइतबारदेखि मेलम्चीको पानी काठमाडौँ उपत्यकाका विभिन्न स्थानका ग्राहकको धारामा आउन थालेको छ। देवकोटा सडक, बत्तीसपुतली, जयबागेश्वरी, चावहिल, कुटुबहाल, सिफल, कालोपुल, एअरपोर्ट हाइट, धनवन्तरी मार्गलगायत क्षेत्रका धारामा पानी आएको काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) ले जनाएको छ । हाल पुराना पानी पोखरीहरूमा मेलम्चीको पानी भरी पुरानै पाइपलाइन र धारामा दिइने र आयोजना कार्यान्वयन निर्देशनालयबाट बिच्छाइएको नयाँ पाइपलाइनमा परीक्षण गर्दै लैजाने लिमिटेडको योजना छ।

अहिले दैनिक चार करोड लिटर पानी आउन थालेको लिमिटेडका प्रमुख कार्यकारी निर्देशक मिलन शाक्यले बताए । पहिलो चरणमा महाङ्कालचौर, अनामनगर, मीनभवन र खुमलटारमा रहेका ट्याङ्कीमा पानी भरेर ग्राहकका घरमा पठाउन लागिएको छ । उनले भने, "विस्तारै सबै क्षेत्रमा पानी पठाइनेछ ।" महाङ्कालचौर पोखरी खोलेर जम्मा भएको पानी घरघरमा पठाउन थालिएको प्रमुख कार्यकारी अधिकृत शाक्यले बताए । सो पोखरीबाट चावहिल, कुटुबहाल, आनन्द नगर क्षेत्रमा पानी पुग्ने उनले जानकारी दिए । पानी बढाउँदै लगेर दैनिक १७ करोड लिटरसम्म काठमाडौँ ल्याउन लागिएको छ। सकेसम्म दैनिक रुपमा विवरण गर्ने लिमिटेडको योजना छ । उनले भने, "सकेसम्म दैनिक नभए दिन बिराएर पानी ग्राहकले पानी पाउनेछन्।" अहिले खानेपानीको शुल्क यथावत नै राख्ने लिमिटेडको योजना छ। पहिले पानी दिने लक्ष्य भएको र ग्राहक खुशी बनाएर मात्रै महसुल बढाउन सोच्ने उनले बताए । तोकिएका स्थानमा कुनै घरमा पानी नपुगेमा तत्काल समस्या पत्ता लगाएर समाधानका लागि टोली बनाइएको छ । उनले भने, "सम्बन्धित शाखामा सम्पर्क गरेपछि समाधान हुनेछ ।" निर्माण शुरु भएको लामो समयसम्म पनि सम्पन्न हुन नसकेको आयोजनाको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## लायन्स डिष्ट्रिक्ट ३२५ बि १ को डिस्ट्रिक्ट गभर्नरमा विश्वेश्वर आचार्य निर्वाचित

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ चैत**

लायन्स क्लब्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ बि १ नेपालको शनिबार पोखरामा सम्पन्न नवौं कन्भेन्सनबाट आगामी लायन वर्ष २०२१-२२ को डिस्ट्रिक्ट गभर्नरमा लायन विश्वेश्वर आचार्य निर्वाचित भएकाछन् । आईडि इन्डोर्सीमा लायन बालकृष्ण बुर्लाकोटी निर्वाचित भएकाछन्।

यस्तै प्रथम भाइस गभर्नरमा महेन्द्र पौडेल तथा द्वितीय भाइस गभर्नरमा मणिश्री रत्न बज्राचार्य निर्विरोध निर्वाचित भए। डिस्ट्रिक्ट गभर्नरमा निर्वाचित आचार्य नोभेल एकेडेमी पोखराका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत हुन्।

त्यस्तै लायन वर्ष २०२१/२०२२ का लागि डिस्ट्रिक्ट गभर्नर आचार्यले विभिन्न पदहरुमा लायन लिडर हरुलाई मनोनित गरेका थिए ।




सोही बमोजिम डिष्ट्रिक्ट क्याबिनेट सेक्रेटरीमा लायन दुर्गाप्रसाद हुमागाई र क्याबिनेट ट्रेजररमा लायन पृथ्वीराज तिमिल्सिना मनोनीत भए । सचिवमा मनोनीत हुमागाई सफल मिडिया हाउस प्रालिका अध्यक्ष तथा सफल आवाज डटकमका प्रकाशक हुन्।

त्यस्तै प्रमुख सल्लाहकारमा लायन राजेन्द्र बाटाजु, डिस्ट्रीक्ट चिफ पिआरओमा लायन उदयकुमार नेपाल, लङरेन्जप्लानिङ कमिसन चिफ रामबहादुर बसेल, लायन्स प्रोजेक्ट्स म्यानेज्मेन्टचिफमा ध्रुव श्रेष्ठ, चिफ डिष्ट्रिक्ट एड्मिनिस्ट्रेटरमा चण्डी प्रसाद अर्याल, चिफ एम्बास्डर अफ गभर्नरमा रामचन्द्रपोखरेलछन्।यस्तै,डिष्ट्रिक्ट एड्मिनिस्ट्रेटरमा गण्डकी-धौलागिरिमा किशोर बराल, डिष्ट्रिक्ट एड्मिनिस्ट्रेटर वाग्मतीमा अरुण लामिछाने, वेलफेयर बैंक चिफमा मिलन थापा, सस्टेनेवल डेभलपमेन्टगोलचिफमारामबहादुर (आरबी) अधिकारी, लिडरसीप एकेडेमी चिफमा सुचित्रा थापा मनोनीत भएको बताइएको छ । लियो डिस्ट्रिक्ट प्रेसिडेन्टमा प्रकाश थापा निर्वाचित भए।

कन्भेन्सनमा करिब ४ हजार लायन्स सदस्यहरुको सहभागिता थियो । होस्ट क्लब लायन्स क्लब अफ पोखरा माछापुच्छे भिलेज थियो। नवौं कन्भेन्सनको पूर्व सन्ध्यामा पोखरामा सरसफाइ कार्यक्रम, पढाउ अभियान कार्यक्रम (लायन्स शिक्षा कोष) अन्तरगत २ सय ८० ट्रस्टिद्वारा ४ सय ९० जना छात्रछात्रालाई छात्रवृत्ति वितरण गरिएको थियो। कन्भेन्सन सम्पन्न गर्न २८ उपसमिति गठन गरिएको थियो।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# सङ्घर्षमा कलमले सम्झ्यो लुम्ले कविता गाउँ

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ चैत**

एकातर्फ आकाशमा बादल फाटन् सकेन अर्कातर्फ पोखरेली कवि कलाकारको मनको बादल कोरोनाले फटाल्न सकेन । उपज कविताप्रेमी स्रष्टा साधकको उत्सवको दिन चैत्र १५ उत्सव बन्न सकेन ।

कवि कलाकार लुम्ले कविता गाउँ पुग्न सकेनन् । यद्यपि सङ्घर्षमा कलम साहित्य समाजले लुम्ले कविता गाउँ घोषणाको दिन विविध कोणबाट गौचन र कविता गाउँको स्मरण गरेको छ ।

कविता गाउँका प्रणेता विनोद गौचनका दाजु विश्वमोहन गौचनले विनोदका विविध आयाम र स्वभावका बारे चर्चा गरे । उनले विनोदलाई साधनामा घडीको सुई सर्दाको आवाज पनि अप्रिय लागेर व्याट्री निकालेर राखेको स्मरण गरे । उनले थपे- सबैले बजारमा घर खोज्थे विनोद बजारमा कोलाहल भयो भन्दै शान्त ठाउँ खोज्दै तीन ठाउँमा घर सऱ्यो । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गण्डकी प्रदेश समितिका अध्यक्ष दुर्गाबहादुर शाह बाबाले विनोद गौचनको विनोदप्रियता र साहित्यप्रतिको लगाव स्तुत्य रहेको बताए । जरोटुप्पो संरक्षण साहित्य समाज नेपालका महासचिव मदन भण्डारीले गौचनको पोखरामा फूल फुल्दैन भित्रको भावभंगीमा केन्द्रित उनको योगदानको स्मरण गर्न आवश्यक रहेको औंल्याए । गीतकार सुमन श्रापितले विनोद गौचनसँग आफूले केही समय संगत र साहित्यिक कर्म गर्न पाउनु आफ्ना लागि सौभाग्य रहेको बताए । साहित्यकार रामनाथ अधिकारी संगीले नेताको गद्दारीले कवि कलाकार भोकभोकै मर्न परेकोमा चिन्ता व्यक्त गरे । गजल सन्ध्या पोखराका पूर्व सह-सचिव विष्णु बास्तोलाले विनोद गौचनका विविधलाई आम जनमानसमाझ पुऱ्याउन पोखरेली जान्नुपर्ने विचार राखे । धार्मिक अभियन्ता वेदनिधि शर्मा अधिकारीले गौचन परिवारको साथ र सहयोगले आफ्नो जिन्दगीमा ठूलो महत्व राखेको बताए । संस्थाका संस्थापक अध्यक्ष असफल गौतमले गौचनको योगदानलाई जीवन्त तुल्याउन लुम्ले कविता गाउँलाई क्रियाशील गराउन आवश्यक रहेको जिकिर गरे ।



संस्थाका अध्यक्ष कृष्ण सारथिले संघर्षमा कलमले कविता गाउँ घोषणा हुँदाकै वर्षदेखि निरन्तर आफूलाई क्रियाशील गराउँदै स्रष्टा साधकको सम्मान, कृति प्रकाशन, चर्चा परिचर्चालगायतका कार्य गर्दै आएको बताए । उनले गठन हुन लागेको गण्डकी प्रज्ञा प्रतिष्ठानमा दुर्गाबहादुर शाह बाबाले कुलपति, मदन भण्डारी र सुमन श्रापितलगायतले सदस्यमा उम्मेदवारी पेश गरेकामा खुसी व्यक्त गर्दै राम्रा प्रतिभालाई कसैले छेक्न नसक्ने बताए ।

संस्थाका उपाध्यक्ष पूर्ण नेपालीले संस्थाका गतिविधिलाई माया ममता राखेर साथ र सहयोग पुऱ्याउने सम्पूर्णलाई आभार व्यक्त गर्दै संस्थाले आफ्नो युट्युब च्यानल सक नेपालका माध्यमबाट साप्ताहिक सिर्जनामैत्री कार्यक्रम सर्जाम सञ्चालन गर्दै आएको जानकारी गराए । स्मरण रहोस्, २०६५ सालको चैत्र १५ गते कास्कीको लुम्ले गाउँलाई विशेष समारोहका बीच कविता गाउँ लुम्ले घोषणा गरिएको थियो ।

# हेमजामा हुने राष्ट्रिय शुभकामना गोल्डकप बारे छलफल

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ चैत**

"युवा एकता र विकाश को लागि खेलकुद" भन्ने मूल नाराका साथ हुन लागेको "राष्ट्रिय शुभकामना गोल्डकप फुटबल प्रतियोगिता २०७८" बारे शनिबार बृहद छलफल गरिएको छ । प्रतियोगिता २०७८ जेठ १ गते देखि ८ गते सम्म पोखरा २५ हेमजाको गौरिसंकर खेल मैदानमा हुदैछ ।

छलफल कार्यक्रममा गण्डकी प्रदेश फुटबल संघका प्रबक्ता रमेश कार्की र एन्फा कास्कीका उपाध्यक्ष जगत बहादुर थापाले प्रतियोगिता सफल पार्न आफुले गनुपर्ने सहयोग गर्न तयर भएको बताएका छन । कार्यक्रमका वक्ताले हेमजालाई फुटबल खेलको माध्यमबाट चिनाउनु पर्नेमा वोड दिएका थिए । हेमजा युनाइटेडको आयोजनामा पाचौं संस्करणसम्म शुभकामना कपको रुपमा संचालित गरि रहेको थियो ।



आयोजकले प्रतियोगिता छैटौं संस्करणमा आउदा गोल्डकपको रुपमा खेलाउन लागेको हो । अघिल्लो संस्करणसम्म प्रदेश स्तरीय प्रतियोगिता गर्दै आएपनि अब भने ए डिभिजनका क्लबको सहभागिता रहने भएको छ । आयोजक हेमजा युनाइटेडले अखिल नेपाल फुटबल संघ (एन्फा) र कास्की जिल्ला फुटबल संघलाई गोल्डकप संचालन गर्नकालागि स्विकृत माग गरेको थियो । सोहि स्विकृतको आधारमा एन्फाले क्लबलाई जेठको मिति दिएको हो ।

हेमजा युनाइटेका अध्यक्ष इन्द्र कुवरको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिब सुनिल गायकले गरेका थिए ।

# डुबेर बालकको मृत्यु

**पोखरापत्र संवाददाता**
**तनहुँ, १५ चैत**

जिल्लाको ऋषिङ गाउँपालिका-१ झापुटारमा आज सात वर्षीय बालकको डुबेर मृत्यु भएको छ ।

सोही स्थान निवासी देउबहादुर गागा मगरका छोरा डिक्सनको इनारमा डुबेर मृत्यु भएको हो । स्थानीयले पानी प्रयोग गर्न खनेको इनारमा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । इनारमा डुबेर सख्त घाइते भएका बालकको उपचारको लागि दमौली अस्पतालमा पुऱ्याएकोमा चिकित्सकले मृत घोषणा गरेको प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सेनाले जानकारी दिए । त्यसैगरी व्यास नगरपालिका-२ गणेशमान चोकमा एक बालकलाई ठक्कर दिएर फरार भएको पल्सर मोटरसाइकललाई प्रहरीले पक्राउ गरेको छ । जिल्लाको व्यास नगरपालिका-१३ बेनीकोट घर भएका तीन वर्षीय रोनिक थापालाई ठक्कर दिई फरार रहेको लु ७० प ७९३० नम्बरको पल्सर प्रहरीले नियन्त्रणमा लिएको हो ।

ठक्करबाट सख्त घाइते भएका ती बालकको पोखरास्थित गण्डकी मेडिकल सेन्टरमा उपचार भैरहेको र अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

## धारामा...

निर्माण सकिएसँगै परीक्षण गरिएको हो । यस अघि मेलम्ची खानेपानी आयोजनाअन्तर्गत निर्माण भएका सुरुङ र पानी प्रशोधन केन्द्रको परीक्षण गरिएको थियो । राष्ट्रिय गौरवको सो आयोजनाले काठमाडौँ उपत्यकामा लामो समयदेखि रहेको खानेपानीको अभाव हट्ने अपेक्षा गरिएको छ । आयोजनामा यसअघि विभिन्न कम्पनीले काम गरेका थिए । पछिल्लो पटक चिनियाँ कम्पनी सिनो हाइड्रोले सुरुङको बाँकी काम सम्पन्न गरेको हो । सोही कम्पनीले 'हेडवर्क' निर्माण गरिरहेको छ ।

# मिसा पुचःशितलादेविको अध्यक्षमा गंगादेवि

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ चैत**

मिसा पुच शितलादेविको अध्यक्षमा गंगादेवि तभ्र्mया श्रेष्ठ सर्वसम्मत चयन भएकी छिन ।

आइतबार सम्पन्न सातौ साधारण सभा एवं तेस्रो अधिवेशनबाट सर्वसम्मत रुपमा श्रेष्ठलाई अगामी ३ वर्षको लागि अध्यक्षमा चयन गरेको हो । उपाध्यक्षमा दूर्गा लिगल श्रेष्ठ, सचिव सविता श्रेष्ठ, कोषाध्यक्ष शुसिला श्रेष्ठ, सहसचिव मिरा श्रेष्ठ चयन भएकी छिन ।

सदस्यहरुमा सरिता रञ्जित, भुवन लाभाजू, निरन्जन थैव श्रेष्ठ, लिला श्रेष्ठ क, लिला श्रेष्ठ ख, विद्या श्रेष्ठ, तृष्ण पालिखे, उर्मिला श्रेष्ठ, सबिता बर्जाचार्य, सरिता बर्जाचार्य, मिरा तभ्र्mया र स्वेता श्रेष्ठ चयन भएकी छिन् । प्रमुख अतिथि नेवा छे कास्कीका अध्यक्ष अशोक पालिखेले संस्कृतिको जर्गेनामा सबै जातजाति लाग्नुपर्ने बताएका थिए ।



विशेष अतिथि पोखरा १२ का अध्यक्ष राम बहादुर कार्कीले नेपालको कला संस्कृतिमा नेवार जातिको महत्वपूर्ण भूमिका रहेको बताउदै आवश्यक पर्ने सहयोग व्यक्तिगत र संस्थागत गर्ने बताए । त्यस्तै अर्का विशेष अतिथि मिसा पुचःकास्कीका अध्यक्ष मेनुका श्रेष्ठले शितलादेवि मिसा पुचःले छोटो समयमा नै यति धेरै व्याक्तिहरु संगठित भएकोमा प्रशंसा गर्दे आवश्यक पर्ने हरेक सहयोग गर्ने बताइन । निर्मला श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा बराल तमु समाजका अध्यक्ष जुम प्रसाद गुरुङ, कास्की जिल्ला अदालतका माननिय न्याधिश आनन्द श्रेष्ठ, नेवा मिस पुचःपोखरा १३ का सोनी ढेवाजु, संस्थापक अध्यक्ष माया तभ्र्mया, तिर्थ लाल श्रेष्ठ लगायतले मन्तव्य राखेका थिए । कचा खलःशितलादेविका अध्यक्ष शान्ता कुमार श्रेष्ठले धन्यवाद र कार्यक्रम संचालन मिसा पुचःशितलादेविका सचिव दूर्गा लिगल श्रेष्ठले गरेकी थिइन ।

# म्यानमारको लोकतान्त्रिक आन्दोलनप्रति कांग्रेसको ऐक्यवद्धता

**रासस**
**काठमाडौं, १५ चैत**

नेपाली कांग्रेसले म्यानमारमा पछिल्ला केही दिनयता सैनिक सरकारले नागरिक प्रदर्शनमा नरसंहार गरिरहेको घटना र प्रवृत्ति अत्यन्तै अमानवीय र निन्दनीय भएको जनाएको छ ।

कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले आइतबार विज्ञप्ति जारी गरी जनतामाथिको दमन तत्काल रोकेर निर्वाचित सरकार बहाल गर्न, लोकतन्त्रवादी नेतृ आङ साङ सुकीलगायत सबैलाई रिहाइ गर्न आग्रह गरे । साथै उनले लोकतन्त्र पुनःस्थापित गर्न म्यानमारको सैनिक सत्तामाथि विश्वव्यापी रूपमा तीब्र दवाब बढाउन आवश्यक देखिएको उल्लेख गरेका छन् । विश्वभर जहाँ पनि हुने लोकतान्त्रिक आन्दोलनप्रति समर्थन र ऐक्यबद्धता जनाउने नीति कांग्रेसले लिँदै आएको छ । "म्यानमारको पछिल्लो 'कु' लगत्तै विरोध प्रकट गरेर त्यहाँ भइरहेका घटनाक्रमलाई हामी निरन्तर नियालिरहेका छौँ । सैनिक सत्ताले मच्चाएको रक्तपात रोक्न म्यानमारका जनताको पक्षमा विश्वभरबाट आवाज उठ्न अत्यावश्यक भएको छ", विज्ञप्तिमा उल्लेख छ । दमनविरुद्ध लोकतन्त्रका पक्षमा फेरी पनि आफ्नो अभिमत प्रकट गर्दै म्यानमारका जनताका पक्षमा प्रष्ट रूपमा उभिएर आवश्यक अन्तर्राष्ट्रिय पहलकदमी गरिनुपर्ने आवश्यकता र अभियानका पक्षमा ऐक्यवद्ध हुन कांग्रेसले सबै दल, सङ्घसंस्था र सरकार समेतलाई अपिल गरेको छ ।

# बेइजिङ उड्यो निगमको वाइडबडी जहाज

**रासस**
**काठमाडौं, १५ चैत**

सहायता सामग्री लिन राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को वाइडबडी ३३० जहाज सोमबार साँझ चीनको राजधानी बेइजिङ उडेको छ ।

सरकारको निर्णयअनुसार कोभिड-१९ लगायतका अत्यावश्यक स्वास्थ्य सामग्री लिन निगमको जहाज चीनको 'बेइजिङ क्यापिटल अन्तरराष्ट्रिय विमानस्थल'मा उडान भरेको निगमले जनाएको छ । निगमको पूर्वनिर्धारित उडान तालिकाअनुसार साँझ ५:३० बजे काठमाडौँबाट बेइजिङ प्रस्थान गरेको छ । सोमबार बेइजिङको स्थानीय समयानुसार अपराह्न ४:३० बजे काठमाडौँका लागि प्रस्थान गर्नेछ । सोही दिन राति ८:३५ बजे त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा जहाज अवतरण गर्नेछ । यही चैत १ गतेको मन्त्रिपरिषद्को बैठकले मित्रराष्ट्र चीनबाट प्रदान गरिने कोभिड-१९ विरुद्धको खोप 'भेरासेल' लगायत सहायता सामग्री स्वीकार गर्ने निर्णय गरेको थियो ।

सो सरकारी निर्णयबमोजिम चीन सरकारले उपलब्ध गराउने वस्तुगत अनुदान स्वीकार गर्ने निर्णय भएअनुरुप आठ लाख मात्र कोभिडविरुद्धको खोपलगायत सहायता सामग्री लिन निगमको जहाज बेइजिङ जाने तयारी भएको निगमका प्रवक्ता करिश्मा श्रेष्ठले जानकारी दिइन ।

# होली मेलामा झडप हुँदा दुईको मृत्यु

**पोखरापत्र संवाददाता**
**बागलुङ, १५ चैत**

बागलुङको बडिगाड गाउँपालिका-१० दर्लिङ र प्युठान जिल्लाको सिमानामा लागेको होली मेलामा युवाबीच भएको झडपमा केही व्यक्तिको हताहती भएको बताइएको छ ।

दर्लिङको बल्देधुरीमा दुई युवा समूहबीच झडप हुँदा हताहती भएको वडा नं. ९ का अध्यक्ष कृष्णबहादुर खत्रीले बताउनुभयो ।

गुल्मी, बागलुङ र प्युठानको सिमाना बल्देधुरीमा होली मनाउन गएका युवाबीच झडप हुँदा दुईको मृत्यु र केही युवा घाइते भएको हुनसक्ने खत्रीले आशङ्का गर्नुभयो । मृत्यु हुनेमा वर्ष ३६ का प्रकाश कुँबर र ३४ वर्षका दिपक दमाइ रहेका छन् । उनीहरुको शव बल्देधुरी भीरबाट ५०० मिटर तल खसेको अवस्थामा भेटिएको प्रहरी नायब उपनिरीक्षक इग्वाल हवारीले जानकारी दिनुभयो । घटनास्थल मानव बस्तीभन्दा केही टाढा रहेको र त्यहाँ प्रहरी तथा जनप्रतिनिधि पुग्न समय लागेकाले घटनाको विवरण आउन समय लागेको हो । आइतबार दिउँसो बडिगाड-१० बल्देधुरीमा तीन जिल्लाका करीब ६०० जना उपस्थित भएका थिए ।

स्थानीयवासीका अनुसार झडपपछि बागलुङकै निसीखोला गाउँपालिका-७ र बडिगाड-१० का केही युवा बेपत्ता भएको आशङ्का गरिएको छ । घटनामा १० देखि १५ जनासम्म हताहती भएको हुनसक्ने स्थानीयवासीले बताएका छन् । घटनापछि प्रहरी घटनास्थलतर्फ जाँदै गरेको इलाका प्रहरी कार्यालय भीमगिठेले जनाएको छ । विस्तृत विवरण आउँन बाँकी छ ।





कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

केवल कर्महीन नै यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ ।  – गौतम बुद्ध

## सम्पादकीय

# नीति विनाको नेतृत्वमा होड

नागरिक संस्था मध्येको जेठो संस्था नेपाल पत्रकार संघ सात दशक पुग्न लागेको छ। वि सं २००८ सालमा नेपाल पत्रकार संघ स्थापना भएको दस्तावेजमा भैटिएको छ । इतिहासकार गृस्म बहादुर देवकोटाले लेखेको नेपालको राजनैतिक दर्पणमा पनि २००८ सालमा स्थापना भएको उल्लेख छ । विश्व विद्यालय मा वुझाएका शोधपत्रमा पनि २००८ साल भएको प्रकृति अधिकारीले जनाएका छन । पछि सत्ता र शक्तिको आडमा २०१२ साल चैत १६ गते स्थापना दिवस र संस्थापक सभापति कृष्णप्रसाद भट्टराईलाई मान्न थालिएको छ।अहिलेको नेपाल पत्रकार महासंघ त्यसैको जग हो । स्थापनाकालमा उठाइएका नागरिक अधिकार ,प्रेस स्वतन्त्रता, पत्रकारको हक हित र पत्रकारिताको विकासका मुद्दा कायमै छ।पत्रकारिता स्वतन्त्र हुनुपर्छ, नागरिकको अधिकारका मुरा र पत्रकारको हकहितका मुद्दा राजनीतिक शक्तिका आधारमा उठाउन थालिएको छ।पत्रकारको पेसागत संगठनको नेतृत्व दलका नेताले तोकिदिने चलन बढेर गएको छ।पत्रकारले कस्तो नीति बनाउने र त्यो नीति कार्यान्वयन गर्न कस्तो नेतृत्व भन्ने बहस हुनुपर्ने हो । नीति विनाको नेतृत्वमा जो गएपनि त्यसले कुनै परिवर्तन ल्याउन सक्दैन । चुनाव भन्ने बित्तिकै नेतृत्वमा जान विचार, आचरण, कार्यशैली मिल्न पर्दैन ।संसदीय फोहोरी खेलको भद्दा गठबन्धन पत्रकारको चुनावमा हुने गरेको छ।आम चुनावमा गरिने गठबन्धन,भारतको विहार र उत्तर प्रदेश राज्यको विधान सभा चुनावको जस्तै महागठबन्धन हुन थालेको छ। अहिले पत्रकारका अवसर र चुनौतीका बारेमा कम नेतृत्व को भन्ने बहस हुने गरेको छ । पत्रकारका समस्या उठाउने भनेको चुनावका बेला मात्र हो भन्ने ठानिएको छ । पत्रकारका समस्या र पत्रकारिताको विकासका कुरा अझै परिस्कृत रुपमा उठाउनु पर्ने खाचो भएको छ । वि.स. २०१२ सालमा कृष्णप्रसाद भट्टराई सभापति भएको समयलाई पत्रकार संघ स्थापना मनाउने गरिएको छ । स्व. कृष्ण प्रसाद भट्टराईको सभापतित्वमा पुनर्गठन भएको दिनलाई नेपाल पत्रकार महासंघले स्थापना दिवस मनाउने गरेको छ। वि.स. २०१२ साल चैत्र १६ गते स्व. कृष्ण प्रसाद भट्टराई सभापति भएको दिनलाई स्थापना दिवस मनाउन थालिए पनि पत्रकार संघको स्थापना २००८ सालमा भएको दस्तावेज पनि सार्वजनिक भएका छन । कांग्रेस सभापति र प्रधानमन्त्री भइसकेका कृष्णप्रसाद भट्टराईलाई संस्थापक मान्दा इतिहासकै अपमान हुन्छ भन्ने मत पनि छ । स्वतन्त्रता, नागरिक अधिकारको सुनिश्चितता र पत्रकारहरुको हितका कुरालाई पत्रकार संघले उठाएको थियो । अहिले पनि पत्रकार महासंघ नागरिक अधिकार पत्रारिताको विकास, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा श्रमजिवि पत्रकारको हकहितका समस्या नै प्रमुख चुनौती रहेकाछन् ।

नेपालको हरेक नागरिक/प्रजातान्त्रिक आन्दोलनमा पत्रकारहरुको प्रतिनिधिमुलक संस्था नेपाल पत्रकार संघ हालको महासंघले सक्रिय भएर लागेको इतिहास छ । राजनीतिक दलहरुलाई समेत आन्दोलनमा लाग्न घचघच्याउने काम प्रेसले गरेको हो । लोकतान्त्रिक आन्दोलनको नेतृत्व दलहरुले नै गरे । आन्दोलनमा पत्रकारहरुले खेलेको भुमिकाको राजनैतिक दल र नागरिक समाजले मुक्त कष्ठ प्रशंसा गर्ने गर्दछन् ।प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटनको विरोधमा प्रेसले सशक्त भुमिका खेलेको हो ।राजनीतिक दल विपक्षमा हुँदा पत्रकार र पत्रकारिताको समस्यामा बोल्ने सत्तामा पुगेपछि बेवास्ता गर्ने गरेका छन।गरेका कामको पनि जस लिन नसक्ने परिस्थिति बनाएका छन। नेपाली उखान खोलो तऱ्यो लौरो बिर्स्यो भने झैं पत्रकारका समस्या बिर्सने गरेका छन् । मैनबत्ती आफै जलेर अरुलाई उज्यालो दिएझै पत्रकारहरु भोको पेटले नागरीकको आवाज दिने गरेका छन्। मर्यादित र व्यावसायिक पत्रकारिताको लागि राज्य र निजी संचारगृहले पत्रकारलाई सहयोग गर्न सकेको छैन । पत्रकारले भौतिक र पेशागत सुरक्षाका लागि सडकमा आवाज उठाउँदै आएका छन् । कोभिड-१९ पछि पत्रकारलाई निस्कासन, तलब नदिने, कटौती गर्ने काम भए ।दुखको बेला राहत दिनुपर्नेमा आहात पार्ने काम भयो ।जनतालाई सचेत र जागरुक बनाउनुपर्ने बेला जागिरबाट हटाउने, तलब घटाउने, नदिने काम हुँदा सरकार पनि पत्रकारको पक्षमा बोल्न सकेको थिएन । राजनीतिक दल पनि थाहै नपाएको जस्तो गरे। पत्रकार महासंघ चुनाव गराउने बेला कोभिढ-१९ लाई देखाएर म्याद थप्ने अवसर पायो ।अहिले चुनाव हुने भएकाले पत्रकारका मुद्दा उठाउँदैछन। पत्रकार महासंघको हरेक बैठक, भेला, जमघट र साधारणसभामा उठ्ने मुद्दा श्रमजीवी पत्रकार ऐन कार्यन्वयन, समानुपातिक विज्ञापन नीति ल्याउनु पर्ने र आम सञ्चार प्रतिठान गठन हुनुपर्ने छन् ।

आधुनिक मुलुकको पत्रकारिता क्षेत्रमा हासिल गरेको उपलब्धिका बारेमा वहस गर्नुपर्ने बेलामा पुरानै कुरा दोहोऱ्याउनु परेको छ । राज्य र संचारगृह पत्रकारका हकहित प्रति उदासीन रहेको प्रमाण एउटै मुद्धा उठाइरहनु हो । सिंहदरबारमा केन्द्रीत रहेको अधिकार स्थानीय तहसम्म पुगेको छ ।तर सिंहदरबारमा बस्नेको जस्तै व्यवहार गर्न थालेका छन् । आफुलाई सिंहदरबारको शासक जस्तो ठान्ने प्रवृत्ति बढेको छ। पत्रकारलाई राज्यले संबोधन गर्लाई आर्थिक विकास र समृद्धिको बाटोमा हिडाउन प्रेसको महत्वपूर्ण भुमिका रहन्छ । नेपाललाई आधुनिक विश्वसँग एकाकार गराउन प्रेस स्वतन्त्रताको ग्यारेन्टी र पत्रकारको पेशागत र भौतिक सुरक्षा आवश्यक छ। पत्रकारको छाता संगठन नेपाल पत्रकार महासंघको झण्डामुनि मुलुकभर र संसारभर छरिएर रहेका नेपाली पत्रकारको अधिकार र स्वतन्त्रताको लागि पेशाप्रति ईमान्दार र सक्षम ब्यक्ति आवश्यक छ।स्थापना दिवसको अवसरमा सबैलाई शुभकामना ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारिरीक झमेला | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : मन चञ्चल |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# 'तोरन ल्ह' मनाउँदै थकाली समुदाय

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १५ चैत**

म्याग्दी र मुस्ताङमा बसोबास गर्ने अल्पसङ्ख्यक जनजाति थकाली समुदायमा 'तोरन ल्ह' (फागु पूर्णिमा) पर्वको रौनक छाएको छ । नेपालका विभिन्न क्षेत्रमा करिब १० हजार जनाको सङ्ख्यामा बसोबास गर्ने थकाली समुदायले फागु पूर्णिमाको अवसरमा हरेक वर्ष तीन दिनसम्म परम्परागत तोरन ल्ह पर्व मनाउने गर्दछन् ।

तोरन ल्ह मनाउन घर बाहिर र विदेशमा रहेका थकालीहरू आफ्नो जन्मथलो फर्किएका छन् । तोरन ल्हमा थकाली समुदायले घर सिँगारपटार गरेका छन् । फागु पूर्णिमाको अघिल्लो दिन शुरु हुने तोरन ल्ह तीन दिनसम्म मनाउने चलन रहेको थकाली सेवा समिति बेनी क्षेत्रका उपाध्यक्ष कृष्णकुमार शेरचनले बताउनुभयो । "तीन दिन सबैरे उठेर चोखो निष्ठ भएर पितृलाई सम्झिएर पूजाआजा गर्ने र फूलप्रसाद चढाउनुपर्छ", शेरचनले भन्नुभयो, "आफन्तलाई बोलाएर मिठामिठा परिकार खुवाउने र आर्चरी (तारो हान्ने) खेल्ने चलन छ ।" मुस्ताङको थासाङ गाउँपालिकाको कोवाङ थकाली समुदायको उद्गमस्थल मानिन्छ । घरपझोङ र थासाङ गाउँपालिकामा थकाली समुदायको बाहुल्य छ । म्याग्दीको दाना, भुरुङ तातोपानी, बेनी, दरवाङलगायत बजार क्षेत्रमा थकाली समुदायको बसोबास छ । परम्परागत तारो हान्ने खेलको संरक्षणका लागि थकाली सेवा समिति दरवाङ क्षेत्रले रातोढुङ्गा र दाना क्षेत्रको आयोजनामा तिप्ल्याङ तारो खेल (आर्चरी) शुरु गरेको छ । तारो खेल (धनुषवाण) लाई थकाली समुदायले आफ्नो जातीय पहिचानसँग जोडेका छन् । धार्मिकग्रन्थहरूमा विभिन्न युद्धमा धनुषवाणको प्रयोग भएको भेटिएकाले यसको विकास मानव समाजको उत्पत्तिकालदेखि नै भएको अनुमान गरिन्छ । कुनै समय युद्धको महत्वपूर्ण हतियार, जङ्गली जनावरको शिकार गर्ने माध्यम धनुषवाणले अहिले खेलकूदको एउटा विधाका रूपमा मान्यता पाएको छ । आर्चरी खेलमा प्रयोग हुने नियम र त्यसका शब्दहरू अल्पसङ्ख्यक थकाली समुदायको भाषासँग मिल्ने हुनाले यसलाई थकाली समुदायले आफ्नो जातीय पहिचान मानेको थकाली सेवा समिति दरवाङ क्षेत्रका अध्यक्ष विनोद भट्टचनले बताउनुभयो । एउटा समूहमा छ जनासम्म खेलाडी सहभागी भएर खेल्ने आर्चरीमा तिखो वाण र विशेष गरेर बाँसको धनुष प्रयोग हुन्छ । पछिल्लो समय अन्य धातुका समेत धनुष बनाउने गरिएको छ ।

एक सयदेखि डेढ सय मिटरको दूरीमा दुईतर्फ काठका फल्याक राखेर एकबाट अर्को ठाउँतर्फ वाण प्रहार गर्ने र वाण फल्याकभित्र कोपिएको आधारमा खेलको मूल्याङ्कन हुन्छ । फल्याकभित्र सानो गोलो आकारको घेराभित्र वाण कोपिएमा खोल पसेको भनिन्छ । खोल आर्चरी खेलमा महत्वपूर्ण उपलब्धि हो । मालिका गाउँपालिकाको केन्द्र दरबाङमा चैत २७ गतेदेखि आयोजना गरिएको प्रथम मालिका महोत्सव स्थगन भएको छ । कोरोना भाइरसको दोस्रो लहरको जोखिम बढेकाले नयाँ वर्षको अवसरमा आयोजना गरिएको महोत्सव स्थगन गरिएको मूल आयोजक म्याग्दी उद्योग वाणिज्य सङ्घको मालिका बजार एकाइ समितिले जनाएको छ । एकाइ अध्यक्ष लेकबहादुर पुनले आयोजक समिति र सरोकारवालाको शनिबार दरवाङमा बसेको बैठकले अर्को निर्णय नहुँदासम्मका लागि महोत्सव स्थगन गरिएको जानकारी दिनुभयो । चैत २७ देखि वैशाख ३ गतेसम्म महोत्सवको आयोजना गरिएको थियो । अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा निर्माणाधीन नीलगिरिखोला जलविद्युत् आयोजनामा भारतबाट काम गर्न आएका चार मजदुर र जिल्ला कारागारका एक कैदीलाई गत मङ्गलबार कोरोना सङ्क्रमण पुष्टि भएको थियो। पछिल्लोपटक मालिका गाउँपालिकाकै एक शिक्षकलाई कोरोना सङ्क्रमण पुष्टि भएको थियो । कोरोना जोखिम कम भएपछि महोत्सव गर्न नयाँ कार्यतालिकाको अर्को मिति तय गरिने अध्यक्ष पुनले बताउनुभयो । पर्यटन प्रवर्द्धन, कला र संस्कृतिको संरक्षण, ओझेलमा परेका पर्यटकीयस्थलको प्रचारप्रसार र खेल प्रतिभाको प्रोत्साहनका लागि महोत्सव आयोजना गर्ने तय भएको थियो । महोत्सवमा पुरुष/महिला भलिबल, लोकदोहोरी, विद्यालयस्तरीय नृत्य प्रतियोगिता, घरेलु उत्पादन, कृषि उपजको प्रदर्शनी, पञ्चेबाजा, ख्याली, सोरठी नृत्य र कलाकारको गायन प्रस्तुति तय भएको थियो । दोस्रो लहरको कोरोनाको जोखिम बढेपछि गत बुधबार जिल्ला प्रशासन कार्यालयमा बसेको सरोकारवालाको बैठकले भीडभाडमा कडाइ गर्दै भारतबाट आउनेलाई १० दिन अनिवार्य एकान्तबास बस्नुपर्नेलगायतका निर्णय गरेको थियो ।

# भारतमा एकै दिनमा झण्डै ६३ हजार संक्रमित

**रासस**
**काठमाडौं, १५ चैत**

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको छ ।

पछिल्लो विवरणमा भारतमा एकै दिनमा ६२ हजार ७१४ जना सङ्क्रमित भेटिएका छन् । सोही अवधिमा २८ हजार ७३९ जना मात्रै सङ्क्रमणमुक्त भएका छन् ।

सङ्क्रमित हुनेकोभन्दा सङ्क्रमणमुक्त हुनेको दैनिक सङ्ख्या थोरै भएकाले सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्यामा समेत दिन प्रतिदिन बृद्धि भएको छ । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले पछिल्लो २४ घण्टामा भारतमा ३१२ जनाको कोरोनाभाइरस सङ्क्रमणका कारण मृत्यु भएको जनाएको छ ।

भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट कुल एक करोड १९ लाख ७१ हजार ६३४ जना सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ । त्यसैगरी कुल एक करोड १३ लाख २३ हजार ७६२ जना सङ्क्रमणमुक्त भइसकेको मन्त्रालयको तथ्याङ्क छ । भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या भने चार लाख ८६ हजार ३१० रहेको छ । मन्त्रालयका अनुसार भारतमा कोरोनाभाइरसबाट मृत्यु भएकाको कुल सङ्ख्या एक लाख ६१ हजार ५५२ पुगेको छ । कोरोनाभाइरसको सङ्क्रमणबाट सबैभन्दा धेरै महाराष्ट्र राज्य प्रभावित भएको छ । महाराष्ट्रमा मात्रै कोरोनाभाइरसबाट अहिलेसम्म ५४ हजार ७३ जनाको मृत्यु भएको छ ।

भारतमा यही मार्च २७ सम्म कुल २४ करोड नौ लाख ५० हजार ८४२ जनाको कोरोना परीक्षण गरिएको छ भने कुल छ करोड दुई लाख ६९ हजार ७८२ जनालाई कोरोनाविरुद्धको खोप लगाइएको छ ।

# त्रिभुवन आर्मी र किर्गिस्तानबीचको मैत्रीपूर्ण खेल गोलरहित बराबरी

**रासस**
**काठमाडौं, १५ चैत**

त्रिभुवन आर्मी फुटबल क्लब र किर्गिस्तानको यु-२३ टोलीबीचको मैत्रीपूर्ण खेल गोलरहित बराबरीमा सकिएको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा केही बेरअघि सम्पन्न खेलमा नेपाल र किर्गिस्तानको यु-२३ टोलीले निर्धारित समयमा गोल गर्न सकेनन् ।

त्रिदेशीय फुटबल प्रतियोगिता खेल्न नेपाल आएको किर्गिस्तानको यु-२३ टोलीले आर्मी क्लबसित मैत्रीपूर्ण खेल खेलेको हो । दुवै टोलीबीच निकै प्रतिस्पर्धात्मक खेल भएको थियो । दुवै टोलीले गोल गर्ने मौका पाए पनि सफल भने हुन सकेनन् । खेलको पहिलो मिनेटमा नै आर्मीका नवयुग श्रेष्ठले गोलपोष्टमा हानेको बल किर्गिस्तानकागोलकिपरप्रिएदकिन अर्तेमले रोक्नुभयो । यस्तै खेलको २६औं मिनेटमा किर्गिस्तानका तर्फबाट अभिलोभ अर्नाजले गोल गर्ने उत्कृष्ट मौका गुमाउनुभयो । मध्यान्तरअघिको खेल सकिनै लाग्दा आर्मीका विवेक बस्नेतले गोल गर्ने प्रयास गर्नुभएको तर उहाँ गोल गर्नबाट चुक्नुभयो । यसैगरी खेलको ७३औं मिनेटमा आर्मीका नवयुग श्रेष्ठ गोल गर्नबाट वञ्चित हुनुभयो । यस्तै किर्गिस्तानले खेलको ८६औं मिनेटमा गोल गर्ने मौका पाएको थियो । उक्त प्रयास पनि असफल भयो । मध्यान्तरपछिको खेलमा पनि दुवै टोलीबाट गोलका प्रयास भएका थिए । किर्गिस्तान त्रिदेशीय प्रतियोगिताबाट बाहिरिएको छ । पहिलो खेलमा किर्गिस्तान बंगलादेशसँग १-० गोलअन्तरले पराजित भएको थियो । आफ्नै खेलाडीले आत्मघाती गोल गरेपछि किर्गिस्तान पराजित हुन पुगेको हो । नेपालले किर्गिस्तान र बंगलादेशसित गोलरहित बराबरी खेलेको थियो । नेपालले अब सोमबार बंगलादेशसँग दशरथ रंगशालामा फाइनल खेल खेल्ने छ । उक्त खेल साँझ ५ बजेर ३० मिनेटमा शुरु हुने आयोजक अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले जनाएको छ ।

# मोटरेबल पुल जीर्ण बन्दा जोखिमपूर्ण यात्रा

**पोखरापत्र संवाददाता**
**पर्वत, १५ चैत**

निर्माण भएको १२ वर्षसम्म पनि मर्मत नहुँदा यहाँको एक मोटरेबल पुल जीर्ण बन्दै गएको छ ।

समय समयमा मर्मत नहुँदा पर्वत जिल्लाको मध्य तथा दक्षिण भाग जोड्ने एकमात्र पुलको अवस्था जीर्ण बन्दै गएको हो । सदरमुकाम कुस्माबजारसँग दक्षिण पर्वतका पाँच स्थानीय तह जोड्ने एकमात्र सडक दोबिल्ला फलेबास-सडकको मोदीखोलामा निर्मित मोटरेबल पुल जीर्ण बनेको हो । कुश्मा नगरपालिका-८ दोबिल्लास्थित मोदीखोलामाथि रहेको सो मोटरेबल पुलको समय समयमा मर्मत नहुँदा सवारीसाधन र यात्रुहरु समेत जोखिमपूर्णरुपमा वारपार गर्न बाध्य भएका छन् ।

पुलको अधिकांश ठाउँमा नट बोल्टु खुस्किएको, पुलमा रहेका पाता उप्किएका तथा ठाउँ ठाउँमा खिया लागेको, पुलको दुवै छेउमा माटो जमेको भए पनि कुनै निकायले मर्मतमा ध्यान नदिँदा सवारीसाधन र यात्रु जोखिममा परेका छन् । पुलका पाता नै उप्किएर खाल्डा परेका छन् । तत्कालीन जिल्ला विकास समितिले हेरालो राखेर नियमितरुपमा रेखदेख तथा सफा गर्ने गरेको भए पनि अहिले यसतर्फ ध्यान नदिँदा झनै जिर्ण बन्दै गएको सवारी चालकको गुनासो रहेको छ । पुलको नियमितरुपमा रेखदेख नहुँदा ओभर लोड गरिएका गाडी, डोजर, लोडरलगायतका हेभी इक्युमेन्टसमेत पुलबाटै वारपार गर्ने गर्दा पुलका पातामा प्वाल पर्ने समस्या देखिएको स्थानीय चित्रसागर श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयोप, "पुलमा जुनसुकैबेला पनि ठूलो दुर्घटना निम्तिने खतरा बढेको छ ।

पुलबाट पाँच स्थानीय तहका ४५ भन्दाबढी वडामा सवारीसाधन आवातजावत आउने गर्दछन् । दैनिक सयौँको सङ्ख्यामा सवारीसाधन चल्ने उक्त पुल १५ टन भारवहन क्षमता भएको भएपनि ओभरलोड गरी लैजाँदासमेत कुनै निकायले कारवाही नगरेको स्थानीय राम शर्मा पौडेलले बताउनुभयो । ठूलाठूला डोजर लोडर जस्ता उपकरणहरु यहीँबाट तार्ने गरेकोसमेत पौडेलको भनाइ छ । जिल्ला समन्वय समितिले पुल मर्मतका लागि कोष नभएकाले रेखदेख भए पनि जीर्ण बन्दासमेत मर्मतको काम गर्न नसकिएको बताएको छ । पूर्वाधिकार विकास कार्यालयले पुलमा पाता मिलाउनेबाहेक अन्य मर्मतको योजना नरहेको जनाएको छ । टुक्रिएका, छुट्टिएका फलामका पाता बोल्डिङ गरेर जोड्नेबाहेक अरु योजना नरहेको सो कार्यालय प्रमुख कृष्ण आचार्यले बताउनुभयो । पुल मर्मतका लागि लागत तयार गरेर मन्त्रालयमा माग गरिएको र रकम निकासा भएमा पूर्णरुपमा मर्मत गर्न सकिने उहाँको भनाइ छ । स्थानीय विकास मन्त्रालयले नेपालमै नमूना पुलका रुपमा सस्पेन्डेड मोडलमा सो पुल निर्माण गरेको थियो ।

# म्यानमार प्रदर्शनमा दर्जनौँको मृत्यु, राष्ट्रसंघ,अमेरिकालगायत विश्वसमुदायद्वारा दुःख व्यक्त

**रासस**
**काठमाडौं, १५ चैत**

म्यानमारमा निर्वाचित सरकारमाथि धाँधली गरी निर्वाचन आफ्नो पकडमा पारेको आरोप लगाउँदै सेनाले सत्ता सम्हालेपछि देशभर प्रदर्शन भइरहेका छन् ।

यसै शिलशिलामा शनिबार भएका प्रदर्शनहरूमा सैनिक सरकारद्वारा निर्मम रूपमा बल प्रयोग गरेको र दर्जनौँ व्यक्तिको मृत्यु भएको छ । उक्त घटनाप्रति राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेर्रेस, अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्कन, ब्रिटिश विदेशमन्त्री डोमिनिक राबलेलगायतका अन्य मुलुकको नेतृत्वले दुःख व्यक्त गरेको छ ।

घटनाप्रति अमेरिकी विदेशमन्त्री ब्लिङ्कनले म्यानमारमा भएको शनिवारको मृत्युले वाशिङ्टन 'मर्माहत' भएको बताउनुभएको छ । उहाँले भन्नुभयो,"शनिवारको घटनाले सैन्य शासकहरू केही मानिसको फाइदाका लागि सर्वसाधारणको जीवनमाथि कसरी धावा बोल्छन् भन्ने प्रष्ट भएको छ । साहसी मानिसहरूले सैनिकहरूले आतङ्कित पारेर शासन गर्ने सोचको अस्वीकार गर्दै भएको प्रदर्शनमा नागरिकहरू मारिनु दुखद् हो ।"

म्यानमारस्थित अमेरिकी दूतावासले यसअघि नैसुरक्षा फौजले 'निःशस्त्र सर्वसाधारणको हत्या गरिरहेको' बताएको थियो । शनिवार दर्जनौँ मानिस मारिएपछि गत महिना गरिएको सैन्य 'कू' पछिको सबभन्दा बढी मानिस मारिएको वा घाइते भएको दिन भनी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले समाचार सम्प्रेषण गरेका छन् । शनिबार एक सयभन्दा बढी मानिस मारिएको बताइएको छ । अमेरिकी दूतावासले त्यसअघि सुरक्षा फौजले 'निःशस्त्र सर्वसाधारणको हत्या गरिरहेको' बताएको थियो । शनिबारको सैनिक दमनपछि पनि राजधानी याङ्गुनका सडकमा टायर बाल्दै प्रदर्शनकारी सशक्त रूपमा सेनाको 'अप्रजातान्त्रिक' कदम र त्यसपछिका निरन्तर अभ्यासहरूको प्रतिकार गरिरहेका छन् । सेनाको चेतावनीबीच प्रदर्शनकारीहरू शहर र नगरहरूमा बाहिरनिस्केपछिबालबालिकासहित सर्वसाधारणमाथि घातक प्रहार गरिएको बताइएको छ । राजबन्दी निगरानी समूह 'द असिस्टेन्स असोसियशन फर पोलिटिकल प्रिजनर्स' ले ९१ जना मारिएको जनाएको छ । यद्यपि स्थानीय सञ्चारमाध्यमले उक्त सङ्ख्याभन्दा धेरै व्यक्ति हताहत भएको जनाएका छन् ।

म्यानमारमा गत फेब्रुअरी १ मा सैन्य 'कू' भए यता प्रदर्शनकारीलाई दमन गर्ने क्रममा ४०० जना भन्दा बढीको ज्यान गइसकेको बीबीसीले जनाएको छ । आङ सान सु चीको दल 'नेशनल लिग फर डेमोक्रेशी'ले भारी बहुमत ल्याएपछि सेनाले शासन सत्ता आफ्नो नियन्त्रणमा लिएको र सेनाको उक्त कदम अप्रजातान्त्रिक भएको प्रदर्शनकारीहरूले बताउँदै देशमा प्रजातन्त्रलाई पुनः स्थापित गर्नु नै आफूहरूको निर्दिष्ट लक्ष्य भएको बताइएको छ ।

गत हप्ता सम्पन्न म्यानमारको सैन्य दिवसमा टेलिभिजनमा सम्बोधन गर्दै सैन्य कूपछि सरकारको नेतृत्व सम्हालेका नेता मिन आङ लाइङले सेनाले 'प्रजातन्त्रलाई बचाउनका लागि पूरा देशसँग हात मिलाएको' बताउनुभएको थियो ।

तर साताको अन्त्यमा देशभर प्रदर्शनकारीमाथि अत्यधिक बल प्रयोग र गोली चलाउनुले उहाँको भनाइ र कामबीच तादाम्यता नदेखिएको 'द असिस्टेन्स असोसियशन फर पोलिटिकल प्रिजनर्स' ले बताएको छ । यसैबेला पूर्वी म्यान्मारको एउटा जातीय समूहले उसको नियन्त्रणमा रहेको क्षेत्रमा सैन्य जेटहरूले निसाना बनाएको बताएको छ । कारेन नेशनल युनियनले थाई सीमा नजिकै एउटा सैन्य पोस्टमा आगो लगाएको खबर आएको केही घण्टाभित्रै उक्त सैन्य कारबाही भएको बताइएको छ । यसले कैयौँ वर्षको शान्तिपछि अब उक्त समूह र सेनाबीच तनाव बढ्ने आशङ्का बढेको छ ।

# घरमा छैनन् परेवा र गौँथली, वनमा छैनन् ढिकुर र मालचरी

रासस
म्याग्दी, १५ चैत

कुनै समय थियो, गौँथलीको चिरबिर र परेवाको माकुर...कुर..जुन घरमा सुनिन्छ, त्यो घर लच्छिनको हुन्छ, त्यहाँ सह बसेको हुन्छ भनेर विश्वास गरिन्थ्यो ।

समय बदलियो । समयसँगै हाम्रा पुर्ख्यौली मान्यता र श्रृति परम्पराका कथनभित्र रहेका ज्ञानका अथाह भण्डार पनि विस्मृतिको गर्भमा पुर्रिंदै गए ।

धार्मिक, सामाजिक र वातावरणीय महत्वसँग जोडिएका कैयौँ आनुवांशिक स्रोतहरू हराउँदै गए । रैथाने प्रविधि लोप भए । मानवीय जीवनलाई प्रकृतिको सुरम्य लयमा फर्काउने घरपालुवा वा वनमा आश्रित पक्षीको चिरबिर अब खोज्दै जाँदा पनि सुन्नै नपाइने अवस्थामा पुगे । वातावरणीय असन्तुलन र मानवीय कमजोरीका कारण 'मान्छेका साथी, दुःख सुखका सारथी' मानिने घरचरी र वनचरी म्याग्दीका गाउँबस्ती र वनजङ्गलबाट लोप हुने अवस्थामा पुगेका छन् । शान्ति र प्रेमको प्रतीकसमेत मानिने घर पालुवा पक्षी परेवा र परिश्रम र सहकालको प्रतीक मानिने गौँथली अब म्याग्दीका गाउँबस्तीमा देखिन छाडेका छन् । त्यसैगरी वनपाखामा बासस्थान (गुँड) बनाएर बस्ने ढिकुर, डाङ्ग्रे, भँगेरा र मालचरीलगायतका पक्षीहरू हराउँदै गएपछि वनजङ्गल पनि सुनसानजस्तै लाग्न थालेको स्थानीय बासिन्दा बताउँछन् ।

घरमा परेवा र गौँथली पाल्ने संस्कृति नासिँदै गएको वन तथा वातावरण क्षेत्रका अध्येता चन्द्रमणि सापकोटाले बताउनुभयो । जोडी बनाएर बस्ने परेवा र गौँथलीले मानवबस्तीको विस्तार, पक्की घर निर्माण, चरन क्षेत्र अभावलगायत विभिन्न कारणले विस्तारै बासस्थान परिवर्तन गर्न थालेको उहाँको भनाइ थियो । "बासस्थान र चरनक्षेत्र प्रमुख कारण हो । भौतिक संरचना परेवा र गौँथलीमैत्री छैन्", सापकोटाले भन्नुभयो । धार्मिक र परम्परागत भनाइमा परेवा र गौँथली मार्दा पाप लाग्ने बताइन्छ तर पछिल्लो समय पूजा गर्ने, भाकल चढाउने नाममा गाउँघरमा कतैकतै मात्र पाइने परेवा नासिँदै गएका छन् भने औषधि हुन्छ भनेर गौँथलीको समेत शिकार गर्न थालिएको स्थानीयवासीले बताएका छन् । विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरसको सङ्क्रमणबाट बच्नका लागि गत वर्ष चैतबाट गरिएको बन्दाबन्दीका कारण गाउँमा फर्केका युवाले वनका पक्षीको शिकार गरेर दिन बिताउने गरेका कारण म्याग्दीका जङ्गलबाट वनचराको सङ्ख्या पनि निकै कम भएको पाइएको छ ।

दुई वर्ष अघिसम्म वनमा पाइने ढिकुर, कालिज, तित्रो र मालचरीलगायतका पक्षीहरू गत वर्षदेखि अत्यन्त थोरै मात्र देखिने गरेको रोहोटेका स्थानीय चन्द्रबहादुर घिमिरेले बताउनुभयो । प्रकृतिका सङ्गीतकार मानिने यस्ता वनचरी नास हुनुमा मानवीय कारण नै प्रमुख रहेको वन डिभिजन कार्यालय म्याग्दीका निमित्त प्रमुख सन्तोष खनालले जानकारी दिनुभयो । मानवीय स्वार्थ र लापरवाहीका कारण वनचरीको बासस्थान नास हुने र अवैधरूपमा शिकार गर्ने प्रवृत्तिले जङ्गलबाट वनचरी हराउँदै गएको उहाँको भनाइ थियो ।

मानवीय लापरवाहीका कारण लोप हुन लागेका घरचरी र वनचरीको संरक्षणका लागि बेलैमा सचेत हुनुपर्ने वन तथा वातावरण क्षेत्रका अगुवाहरूको भनाइ छ । गुँड नजिक अर्को गुँड बनाउने, आवतजावत गर्ने मार्गमा कुनै अवरोध नगर्ने, घरमा कीरा मार्ने विषादी प्रयोग नगर्ने, हिलो भएको ठाउँमा अन्य फोहर नफाल्ने गरेमा घरचरीको संरक्षण गर्न सकिने वातावरण संरक्षका अभियानकर्मी सापकोटाको भनाइ छ । त्यसैगरी अवैधरूपमा गरिने चोरी शिकारीलाई नियन्त्रण गरी आहारा र बासस्थानको अभाव हुन नदिने हो भने वनचरीलाई जङ्गलमा नै संरक्षण गर्न सकिने निमित्त प्रमुख खनालले बताउनुभयो ।

# बि.टी. ट्रेनिङको होली

पोखरापत्र संवाददाता
पोखरा, १५ चैत



आपसी मेलमिलाप र सद्भावनाको पर्व होलीको अवशरमा लेखनाथमा रहेको बि.टी. ट्रेनिङ सेन्टरले आफ्ना खेलाडीहरु सँग होली पर्व मनाएको छ ।

लेखनाथलाई केन्द्रबिन्दु बनाएर फुटबलको क्षेत्रमा नयाँ आयाम कोर्नको लागि विगत लामो समय देखि ट्रेनिङ सेन्टर संचालन गरेको प्रशिक्षक बिनोद थापाले बताएका छन् । अहिलेसम्म ट्रेनिङ सेन्टर बाट उत्पादन भएका खेलाडीहरुले बिभिन्न क्लवहरु बाट खेल खेली सकेका छन् भने राष्ट्रिय स्तरको बि. डिभिजनको क्लबमा समेत आफ्नो खेल प्रर्दशन गरि सकेका छन् ।

खेल जिवनमा आपसी मेलमिलाप भाईचाराको महत्व हुने र होली पर्व पनि यसको एउटा उदाहरण भएका कारण होली पर्व खेलाडीहरु सँग मनाएको बि.टी. ट्रेनिङ सेन्टरकी व्यवस्थापक सम्झना थापाले जानकारी दिनुभएको छ ।

# प्रदेशस्तरीय भलिबल : आयोजक फाइनल प्रवेश

पोखरापत्र संवाददाता
तनहु, १५ चैत

तनहुँको शुक्लागण्डकी नगरपालिका-८ ढोरफिर्दीस्थित गाउँफर्कोदय माध्यमिक विद्यालयको खेलमैदानमा जारी गण्डकी प्रदेशस्तरीय भलिबल प्रतियोगितामा आयोजक शुक्लागण्डकी नगरपालिका 'ए' फाइनल प्रवेश गरेको छ ।

शनिबार भएको पहिलो सेमिफाइनलमा घिरिङ गाउँपालिकालाई ३-२ सेटले पराजित गर्दै आयोजक फाइनल प्रवेश गरेको हो । शुक्लागण्डकीले घिरिङलाई २५-१४, २५-२३, २२-२८ र १६-२५ ले १५-९ ले पराजित गरेको हो । दोस्रो सेमिफाइनल खेल भने आज बागलुङको गलकोट नगरपालिका र कास्कीको मादी गाउँपालिकाबीच हुनेछ । त्यस्तै प्रतियोगिताको फाइनल खेल पनि आज नै हुनेछ । प्रतियोगिताको क्वाटरफाइनलअन्तर्गत आइतबार भीमाद नगरपालिका र ऋषिङ गाउँपालिकाबीच भएको थियो । त्यसमा भीमाद नगरपालिका २-० को सोझो सेटमा विजयी भएको छ । पहिलो सेटमा २५-१८ ले विजयी भएको भिमाद दोस्रो सेटमा २५-२२ ले विजयी भएको थियो । त्यस्तै पुतलीबजार नगरपालिका स्याङ्जालाई २-१ को सेटमा पराजित गर्दै कास्कीको मादी गाउँपालिकाले सेमिफाइनलको यात्रा तय गरेको छ । मादीले पुतलीबजारलाई २३-२५, २५-१९ र २५-२१ मा पराजित गरेको थियो ।

दोस्रो क्वाटरफाईनल खेलमा आयोजक शुक्लागण्डकी नगरपालिका 'ए' ले बौदीकाली गाउँपालिका नवलपुरलाई २५-१६, २५-२३ को सोझो सेटमा पराजित गरेको छ । हरिनास गाउँपालिका स्याङ्जालाई २-१ को सेटमा पराजित गर्दै घिरिङ गाउँपालिका तनहुँ सेमिफाइनल प्रवेश गरेको थियो । घिरिङले २३-२५, २५-१४, २५-२३ मा हरिनासलाई पराजित गरेको छ ।

बाग्लुङको गलकोट नगरपालिकाले तनहुँको भीमादलाई २-० को सोझो सेटमा पराजित गरेको छ । पहिलो सेटमा २५-१५ र दोस्रो सेटमा २५-१४ को नजिता गलकोटले आत्मसाथ गर्‍यो । प्रतियोगितामा विजेताले नगद रु एक लाख ५० हजारको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगितामा दोस्रो हुनेले रु एक लाख, तेस्रोले रु ५० हजार र सान्त्वनाले रु २५ हजारको साथमा शिल्ड, मेडल र प्रमाणपत्र पाउनेछन् । सर्वोत्कृष्ट खेलाडीले १० हजार प्राप्त गर्नेछन् । वेष्ट स्पाइकर, सेन्टर सर्वर, ब्लकर, डिफेन्डरले जनही रु पाँच हजार हात पार्नेछन् ।

# अपाङ्गता भएकालाई सहयोग

पोखरापत्र संवाददाता
दमौली, १५ चैत

अपाङ्गता भएका व्यक्तिलाई आयआर्जनमा सहयोग पुर्‍याउन रिसेड तनहुँले आर्थिक सहयोग प्रदान गरेको छ ।

व्यास नगरपालिकाको सहयोगमा रिसेडले व्यावसायिक सीप सिकेर आयआर्जन गर्न चाहने २८ अपाङ्गता भएकालाई आर्थिक सहयोग प्रदान गरेको हो । नगरपालिकाका १४ वटै वडाबाट रिसेडले अपाङ्गता भएका व्यक्ति छनोट गरी प्रति व्यक्ति रु सात हजारका दरले आर्थिक सहयोग गरेको रिसेडका अध्यक्ष पदम परियारले जानकारी दिनुभयो ।

उहाँका अनुसार अपाङ्गता भएका व्यक्तिको मागअनुसार नै व्यवसाय सञ्चालनका लागि सहयोग गरिएको हो ।

# तालीम लिएर स्वरोजगार बन्ने प्रयास

पोखरापत्र संवाददाता
दमौली, १५ चैत

तनहुँको म्याग्दे गाउँपालिका-४ का महिलाले तालीम लिएर स्वरोजगार बन्ने प्रयास गरेका छन् । गाउँपालिकाले सञ्चालन गरेको गुडिया तथा सजावट सामग्री निर्माण तालीम लिएर यहाँका महिला स्वरोजगार बन्न खोजेका हुन् । स्थानीयवासी सुकला सुनारले अब घरमै बसेर पनि दुई चार पैसा कमाइ घरको दैनिकी चलाउन सकिने बताउनुभयो । म्याग्दे-५ निवासी कमला आलेले सीप सिकेर व्यवसाय शुरु गर्ने बताउनुभयो ।

गाउँपालिकाले गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रममार्फत् दश दिने गुडिया तालीम आयोजना गरेको थियो । गाउँपालिकाका उद्योग शाखा प्रमुख प्रदीप न्यौपानेले महिलालाई उद्यमी बन्न सघाउने उद्देश्यसहित तालीम आयोजना गरिएको जानकारी दिनुभयो ।

# देशभरका युवा बन्दीपुरमा

पोखरापत्र संवाददाता
पोखरा, १५ चैत

रोटरी इन्टरनेशनल क्लब ३२९२ डिष्टिकअन्तर्गत रिजन-४ को रोटरी युथ लिडरसीप अवार्ड (रायला) कार्यक्रम शनिबारदेखि बन्दीपुरमा शुरु भएको छ ।

रोटरी इन्टरनेशनल ३२९२ डिष्टिक रिजन-४ को आयोजनामा तथा रोटरी क्लब अफ दमौलीको व्यवस्थापन एवं रिजन ४ मा रहेका १७ रोटरी क्लबको सहयोगमा रोटरी युथ लिडरसीप अवार्ड २०२०/२१ कार्यक्रम शुरु गरिएको हो । तीन दिनसम्म सञ्चालन हुने कार्यक्रममा रिजन-४ अन्गर्ततका १४ देखि १८ वर्ष उमेर समूहका ४९ युवाले सहभागिता जनाएका छन् । रोटरी क्लबले सो उमेर समूहका युवाको व्यक्तित्व विकाससँगै सामाजिक दायित्वबोध गराउँदै नेतृत्वदायी क्षमताको विकास गराउन प्रत्येक वर्ष रायला कार्यक्रम गर्दै आएको रिजन- ४ का रायला कार्यक्रम संयोजक जयराम पौडेलले जानकारी दिनुभयो । कार्यक्रमको उद्घाटन गर्दै रोटरी इन्टरनेशनल क्लब ३२९२ डिष्टिकका पूर्व गभर्नर रवीन्द्रकुमार पियाले राज्यको भविष्य निर्धारक अहिलेका युवा र बालबालिका भएकाले उनीहरुमा हरेक क्षेत्रको विस्तारित ज्ञान हुन आवश्यक रहेको बताउनुभयो । बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले बन्दीपुरको इतिहास जीवन्त रहने गरी योजनाबद्ध ढङ्गले विकास गर्न २० वर्षे गुरुयोजना बनाएर अघि बढेको बताउनुभयो ।

# प्रत्येक वर्ष सभ्य बन्दै फागु पूर्णिमा (होली)

-पूर्णप्रसाद मिश्र
काठमाडौं, १५ चैत



फाल्गुन शुक्ल पूर्णिमाका दिन मनाइने फागु पूर्णिमा (होली) पर्व राजधानीलगायत हिमाली र पहाडी जिल्लामा प्रत्येक वर्ष क्रमश ः सभ्य रुपमा मनाउन थालिएको छ ।

केही वर्षअघिसम्म फागु पूर्णिमा (होली) मा मानिसको इच्छाविपरीत रङ दल्ने पानीका लोला हान्ने गरिन्थ्यो । तीन चार वर्ष त्यस्तो काम रोकिएको छ । केही वर्षदेखि नै फागु पूर्णिमामा तडकभडक रोकिँदै आएको थियो । गत वर्षदेखि नै नेपाल कोरोनाको उच्च जोजिममा रहेकाले प्रशासनले शान्त रुपमा पर्व मनाउन आह्वान गरेको थियो । पर्वका अवसरमा आज फागु खेल्ने प्रायः बालबालिका भेटिए । बालबालिकाले पनि विगतमा जस्तो सडकमा हिँड्ने मानिसलाई रङ दल्ने र पानीका लोला हान्ने गरेनन् । गाडी रिजर्भ गरेर होली खेल्दै हिँड्ने मानिसको भीड नगन्य देखियो । गौशाला चोकमा फागु पर्व मनाइरहेका युवा सुरेश नेपाल चिनजानका साथीभाइबीच मात्र पर्व मनाउने सडकमा सवारी र पैदल यात्रा गर्नेलाई केही नगरेको बताउनुहुन्छ । चिसो कायमै रहेका कारण पानी छ्याप्दा कोरोनाका जीवाणुले असर गर्न सक्ने भएकाले पनि आम मानिस गत वर्षदेखि नै फागु खेल्न सचेत भएका देखिन्छन् । उपत्यकामा वायु प्रदूषण बढेकाले पनि धेरै मानिस घर बाहिर निस्किएनन् । वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देशका रुपमा फागु मनाउने गरिएको हो । विशेषगरी युवतीलाई लोलामा पानी भरेर एक हप्ताअघिदेखि नै छ्यापेर मनोवैज्ञानिक रुपमा बाहिर निस्कन नसक्ने वातावरण बनाइन्थ्यो । यस वर्ष फागु पर्वकै दिन पनि सहज रुपमा हिँडडुल गर्न सकेको वीर अस्पतालमा बिरामी भेटेर फर्कनुभएकी सानु चालिसेले बताउनुभयो ।

यस पर्वका अवसरमा आज काठमाडौँको वसन्तपुरमा उपस्थित मानिसले वातावरणलाई नै रङ्गीचङ्गी तुल्याउँदै त्यहाँ गाडिएको चीरलाई विधिपूर्वक ढाली बाजागाजाका साथ टुँडिखेलमा लगी जलाउँछन् । उक्त चीरमा राखिएका ध्वजापताकाहरू औषधोपचारको काममा आउने विश्वासका साथ लुछाचुँडी गरी लिने र अनिष्ट टर्छ भनी चीरको खरानीको टीका लगाइन्छ ।

फाल्गुन शुक्ल अष्टमीका दिन वसन्तपुरस्थित गद्दी बैठकअगाडि मयलको रुखलाई रङ्गीचङ्गी ध्वजापताकासाथ सिँगारी गाडिएको चीरमा पूजाआजा गरेपछि फागु शुरु भएको थियो । आजै राति टुँडिखेलमा 'गुरुमापा' नामक राक्षसलाई इटुम्बहालदेखि कहीँ पनि नबिसाई ल्याइएको दश पाथी चामलको भात र एउटा राँगाको मासु खुवाई सैनिक अस्पतालभित्र रहेको 'जधु' नामक धारामा चुठाउने चलन छ ।

त्रेता युगमा दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैँ भष्म भएकी तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ । त्यसै बेलादेखि शक्तिको दुरूपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा होली (फागु) खेल्ने परम्परा चलेको मानिन्छ ।

यसैगरी द्वापरयुगमा श्रीकृष्ण भगवान्लाई मार्न कंशद्वारा पठाइएकी राक्षसनी पुतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भई मारिइन् । निजलाई व्रजवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको पनि धर्मग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताउनुभयो ।

राम्रो तरिकाले तयार पारिएका रङ र अबिरले छालाको रोग निवारण गर्ने भएकाले यस्ता रङको प्रयोग गरी फागु खेल्नाले शीतकालमा शरीरमा उत्पन्न कफको विनाश हुन्छ । बालिएको चीरको धुवाँबाट शीतकालका अनेकौँ रोगका कीटाणु निर्मूल हुने हुनाले यो पर्वको आयुर्वेदिक महत्व पनि छ । फागु पर्वका उपलक्ष्यमा परम्परादेखि सरकारले सार्वजनिक बिदा दिँदै आएको छ । यस पर्वका उपलक्ष्यमा आजभोलि रमाइलोका निम्ति गाँजा, भाङ, जाँड-रक्सीजस्ता नशालु पदार्थको सेवन गरी गुन्डागर्दी गर्ने, शरीरमा प्रतिकूल असर गर्ने खालका रासायनिक पदार्थ प्रयोग गर्ने तथा सवारीसाधनमा समेत लोला हिर्काउनेजस्ता विकृति पनि कम हुँदै गएको छ । फाल्गुन शुक्ल अष्टमीका दिन चैत ८ गते गद्दी बैठकअघि गाडिएको लिङ्गो फाल्गुन शुक्ल पूर्णिमाका दिन अर्थात् आज बेलुकी ८ : ३६ बजे ढाल्न शुभ हुने साइत समितिले दिएको छ । लिङ्गो ढालेर आजै बेलुकी ८:५६ मा दहन गर्नुपर्ने समितिले जनाएको छ ।

चिरोत्थानका लागि मयलको हाँगो काट्ने, ल्याउने र गाड्ने काममा वसन्पुर क्षेत्रका मानन्धर समाजका सदस्यहरू सक्रिय हुने परम्परा रही आएको छ । आज चीर ढालेर टुँडिखेल लगी जलाएपछि फागु पर्व सकिन्छ । यस वर्ष पहाडी जिल्लामा आज र तराईका जिल्लामा भोलि सोमबार फागु पर्व मनाइँदै छ ।


## निःशुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर (BMTC) बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम (STSE) परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र व्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेण्टिसिप मोडलमा **निःशुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुँदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० बर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७।१२।२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तालिमका बिषयहरु:

**कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर**

आबेदनका लागि सम्पर्क:

**दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना**

| | |
|---|---|
| लेकसाईड-०६, पोखरा, टुकी रिसोर्ट | ९८२६११९६७२ |
| पृथ्वीचोक-०९, पोखरा, कास्की | ९८१३६८४४१६, ०६१५३५७३८ |
| अमरसिंचोक-१०, पोखरा, कास्की | ९८०६७२२३९९, ०६१-५३१०१७ |

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata
BRITISH COUNCIL